# बगनासकाली गाउँपालिकाको आ.ब. ०७५/०७६ को बजेट खर्च समिक्षा तथा आ.ब. २०७६/०७७ को बजेट तथा कार्यक्रम सार्वजनिकिरण कार्यक्रममा प्रस्तुत संक्षिप्त प्रतिवेदन

स्थानीय सरकार संञ्चालन ऐन २०७४ लाई अनुशरण गर्दै बगनासकाली गाउँपालिकाको आर्थिक वर्ष ०७५/०७६ को बार्षिक कार्यक्रम भरखरै सम्पन्न भएको छ। सिमित, श्रोत र साधनबाट जनताको असिमित आवश्यकता पुरा गर्न प्राय असम्भव छ तथापी गाउँपालिकामा संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त श्रोत र साधनको समुचित सदुपयोग गरी जनताको आर्थिक, सामाजिक, सास्कृतिक, साथै महशुस हुने गरी विकासमा आयाम थपि दिगो विकासको चाहनालाई पुरा गर्न हाम्रो ध्यान केन्द्रित छ। प्राप्त स्रोत र साधनको समुचित व्यवस्थापन र विकासको हरेक चरणमा सर्वसाधारण जनताको चासो बढि रहेको छ। गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रति जति बढि जनताको चासो र निगरानी हुन्छ उति बढि पारदर्शिता, जवाफदेहिता र साथै सुशासन प्रबर्धनमा उति टेवा पुग्दछ। बगनासकाली गाउँपालिका बासी आम नागरिक प्रति हाम्रो उत्तिकै सम्मान र दायित्व छ। नागरिकको अधिकार स्थापित गरी विकासको फल न्यायोचित ढङ्गले वितरण गर्ने तर्फ पनि हामी उत्तिकै सचेत छौं। यस आर्थिक वर्ष २०७५/०७६ का लागि गाउँसभाबाट पारित भएका बार्षिक नीति, कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्ने क्रममा गाउँपालिकाका निर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरू लगनशिलताका साथ निरन्तर खटिएका छौं। गत आ.ब. ०७५/०७६ मा गरिएको बजेट खर्चको समिक्षा तथा आ.ब.०७६/०७७ को बजेट तथा कार्यक्रम सार्वजनिकिरण गर्दै पारदर्शितालाई अगाल्दै, उत्तरदायित्वलाई मजबुद बनाउँदै आज यो कार्यक्रम आयोजना गरिएको छ।

सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही जनतावाट प्राप्त सुझाब साथै पृष्ठपोषणवाट गुनासो व्यवस्थापन गर्दै भावी दिनहरूमा कार्यसम्पादनलाई चुस्त, दुरूस्त, सरल र सहज बनाउने यो हाम्रो प्रयास पनि हो।

अब म यस कार्यालयबाट गत आ.ब.मा सम्पादन गरिएका कार्यहरूलाई संक्षिप्त रूपमा प्रस्तुत गर्न चाहन्छु।

**भौतिक पुर्वाधार निर्माण तर्फ :-**

१. गाउँपालिका स्तरीय र वडा स्तरीय भौतिक पुर्वाधार तर्फका सबै योजनाहरू सम्पन्न गरिएको

२. प्रदेश सम्पुरक अनुदान र गा.पा. समपुरक कोषबाट देहाय बमोजिम योजना सम्पन्न गरिएको

- चौपारी आर्यभञ्ज्याङ्ग देउराली बगनासे पिपले दमकडा आरूखर्क हुदै जर्म्दानी डाँडा मोटरबाटो निर्माण।
- सिद्धार्थ राजमार्ग देखि खोरवारी शिखर हुदै भलुवाचौर माडी फाट मो.बा. निर्माण
- लाम्दी शिखरडाँडा छेलुङ्गा लिफिङ्ग खानेपानी योजना।

३. प्रदेश सशर्त अनुदान तर्फको- कोठे चौर र चिलाङ्गदी खेल मैदान निर्माण

४. संघबाट प्राप्त सशर्त तर्फको- तानसेन खोला तटबन्ध निर्माण

***५. स्थानीय विकास पुर्वाधार तर्फ -***

- चौपारी आर्यभञ्ज्याङ्ग देउराली दमकडा मार्ग आयोजना
- यम्घाको बचाङ्गन्दे रेल टिम्ले खानेपानी आयोजना
- बुल्ठाकी देउराली मो.बा. पिच आयोजना
- खानीछाप महिला भवन निर्माण आयोजना

६. गत आ.ब.मा अपग्रेडिङ्ग भएका बाटो - २२ कि.मी ५० मि.

७. गत आ.ब.मा खोलिएको जम्मा नयाँ ट्रयाक -८ कि.मी ७०० मि.

८. गत आ.ब.मा भएको बाटो ढलाई - ५३६ मि.

९. गत आ.ब.मा भएका खानेपानी टयाङकी निर्माण -११ वटा

**विषयगत शाखा तर्फको कार्यक्रम प्रगति विवरण :-**

- कृषि विकास शाखा तर्फ प्रगति : ९६.५%
- पशु सेवा शाखा तर्फ प्रगति : ९८ %
- शिक्षा शाखा तर्फ प्रगति : ९८ %
- स्वास्थ्य शाखा तर्फ प्रगति : ९५ %
- सहकारी शाखा तर्फ प्रगति : १०० %
- महिला तथा बालबालिका शाखा तर्फ प्रगति : १०० %

**गत आ.ब.मा समग्रमा :-**

- भौतिक प्रगति - ९४.७५%
- वित्तिय प्रगति - ९५.६८%
- गत आ.ब.मा बेरूजु फर्स्यौट-४५ %

**गत आ.ब.मा भएका महत्वपूर्ण कार्य तथा उपलब्धीहरू :-**

- युवा-स्वरोगार कार्यक्रम (शैक्षिक प्रमाणपत्र धितो) कार्यक्रमलाई निरन्तरता दिइएको
- कृषिमा मागमा आधारित प्रस्तावित कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गरिएको
- तरकारी बालीमा ढुवानी अनुदान कार्यक्रम सञ्चालन गरिएको
- सानाफार्म मेसिनरी (मिनि टिलर, प्लान्टर, क्याजुयल) अनुदानमा उपलब्ध गराईएको
- विभिन्न २० वटा पकेट क्षेत्र निर्माण (सुर्यमुखी, च्याउ, कुरिलो, तोरी, फलफुल, एभोकाडो, मौरी, स्थायीजाली घर)गरिएको
- पशु विकास तर्फ भकारो सुधार, गोठ सुधार अनुदान कार्यक्रय सञ्चालन गरिएको
- पशुपालनलाई टेवा पुर्‍याउन बोयर क्रस बोका बिउ रागो अनुदान कार्यक्रम संञ्चालन गरिएको
- गाउँपालिका स्तरिय बालमैत्री स्थानीय शासन अवलम्बन लागि अभिमुखिकरण तालिम सम्पन्न गरिएको
- बालमैत्री गाउँपालिका बनाउने अभियानमा बार्षिक कार्ययोजना बनाई कार्यक्रम सञ्चालनमा तिब्रता दिइएको
- बगनासकाली गाउँपालिका भित्रका बालबालिकाको स्थिती प्रतिवेदन प्रकाशन गरिएको
- गाउँपालिका स्तरीय बालसञ्जाल, वडा र टोल स्तरमा बालसञ्जाल गठन गरिएको
- बालमैत्री कार्यक्रम अन्तर्गत गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरूमा ECD कक्षा भुई बसाई व्यवस्थापनकालाई रू. ४० हजारका दरले रकम उपलब्ध गराईएको
- बगनासकाली गाउँपालिकाको गतिविधि समेटिएको बगनासकाली आवाज प्रकाशनलाई निरन्तरता दिइएको
- गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम अनुगमन समिति गठन गरी योजना तथा अनुगमनको व्यवस्था गरिएको
- ९ वटै वडाका मेलमिलापकर्ताहरूका लागि आधारभुत तालिम सम्पन्न गरिएको
- नयाँ घर बनाउँदा नक्सा पास गरी बनाउनु पर्ने काम सुभारम्भ गरिएको, पुराना पिलर सहितको घरको पनि नक्सा पास गरी अभिलेखिकरण गर्ने कार्य सुभारम्भ गरिएको
- जेष्ठ नागरिक परिचय पत्र वितरण सु-भारम्भ गरिएको, हिजोसम्म ३२ महिला, ५१ पुरूष गरि जम्मा ८३ जनालाई विवरण गरिएको
- गाउँपालिका कार्यालयमा विद्युतिय हाजिरी (E–Attendance) सञ्चालन गरिएको।
- गाउँपालिकाबाट अपाङ्ग परिचय पत्र वितरण कार्यक्रम शुभारम्भ गरिएको
  हिजोसम्म रातो कार्ड ३ वटा , निलो कार्ड १० वटा, पहेलो कार्ड १० र सेतो कार्ड ४ गरि जम्मा २७ वटा नयाँ कार्ड वितरण गरिएको ( १२ महिला, पुरूष १५ जम्मा २७ )
- १० वटा सामुदायिक माध्यमिक विद्यालयमा विद्युतिय हाजिरी (E–Attendance) सञ्चालन गरिएको।
- पूर्ण भर्ना सुनिश्चित गा.पा.मिति २०७५/०५/२३ गते घोषणा गरिएको।
- गाउँपालिकाद्धारा शैक्षिक क्यालेन्डर प्रकाशन गरी विद्यालयका सबै शिक्षक र बिद्यार्थीहरूलाई वितरण गरिएको
- गाउँपालिका भित्रका विद्यालयहरूका कम्प्युटर शिक्षकहरूलाई ५ दिने आई. सि.टी. तालिम दिईएको
- गाउँपालिकाको सबै विद्यालयहरूलाई चिनारी र एकरूपताको लागि अनुदान उपलब्ध गराई पहेलो रङ्ग बनाउन लगाईएको
- ९ वटै वडाहरूमा फाइबर इन्टरनेट जडान गरिएको
- ठूला योजनाहरू टेन्डर प्रक्रियाद्धारा प्रतिस्पर्धाका आधारमा ठेक्कामा दिई कम लागतमा काम गरिएको
- आ.ब.०७५/०७६ पूर्वाधार निर्माणका लागि भाद्र भित्र नै उपभोक्ताहरूको तालिम संम्पन्न गरिएको
- विद्युतपोल टेन्डर प्रक्रियाद्धारा खरिद गरी वडाहरूमा वितरण गरिएको
- सम्पूर्ण स्वास्थ्य चौकीलाई आवश्यक औषधि टेन्डर प्रक्रियाद्धारा खरिद गरी स्वास्थ्य चौकीहरूमा आवश्यक औषधिहरूको व्यवस्था गरिएको
- चापपानी र नायर स्वास्थ्यचौकीमा ल्याब सेवा सञ्चालन गरिएको

- चापपानी स्वास्थ्य चौकीमा भारतीय राजदुताबासबाट सहयोग स्वरूप प्राप्त एम्बुलेन्सबाट बिरामीको लागि सेवा सञ्चालन गरिएको
- वडा नं. १ पोखराथोकलाई मिति २०७५/०८/०६ गते शुन्य होमडेलिभरी वडा घोषणा गरिएको
- बालमैत्री कार्यक्रम अन्तर्गत सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य परिक्षणका लागि सुत्केरी भएको ३ दिन र ७ दिनमा नर्सिङ स्टाफवाट घरमै गई सुत्केरी जाँच सेवा सुचारू गरिएको
- गाउँपालिका भित्रको माहामारी रोगको नियन्त्रणको लागि रेपिड रेस्पोन्स टिम गठन गरी तुरूतै औषधि सहितको टोली खटिने व्यवस्था गरिएको
- सुगर, प्रेसर र छारे रोगका बिरामीलाई सुगरका लागि मेटर्फमिज, प्रेसरका लागि एमलोडिपिन, छारेरोगका लागि फिनोबार्विटोन औषधि निशुल्क वितरण गर्ने व्यवस्था गरिएको ।
- स्वास्थ्य संस्थाको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन सबै स्वास्थ्य चौकीहरूमा कार्यरत कर्मचारीहरूलाई कार्यस्थलमा गई ओन साईड कोचिङ्ग कार्यक्रम सञ्चालन गरिएको
- महिलाहरूको पाठेघरको मुखको क्यान्सरको स्क्रेनिङ्ग स्वास्थ्य शिबिर खानिगाउँको दैलातुङ्ग, चिर्तुङ्गधाराको घोरबन्दामा सञ्चालन गरिएको ।
- छाला रोग सम्बन्धि बिशेषज्ञ शिविर चापपानीमा संञ्चालन गरिएको
- क्षयरोगी पत्तालागाउन माइक्रोस्कोपी क्याप धोरबन्दामा संञ्चालन गरिएको
- सबै स्वास्थ्य संस्थाहरूमा दम तथा निमोनियाका रोगीहरूका लागि निशुल्क रूपमा नेबुलाईजर सेवा तथा सुगरका रोगीहरूको स्क्रेनिङ्ग लागि गुल्कोमिटरवाट रगत परिक्षणको गरिएको
- गाउँपालिकाको ४ वडा स्वास्थ्य चौकीहरू खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाउँ र दर्पुक सामुदायिक स्वास्थ्य इकाईमा सेवाको गुणस्तरीयता मापन तथा सुधारका नीम्ति सामाजिक परिक्षण सम्पन्न गरिएको
- ९ वटै वडामा विपत व्यवस्थापन समिति गठन गरिएको
- ९ वटै वडामा अनलाइन घटना दर्ता शुभारम्भ गरिएको मिति २०७६/०१/१२ देखि २०७६/०३/२९ गते सम्म जन्मदर्ता - ८९, मृत्यृ दर्ता - १०, विवाह दर्ता १६ र बसाईसराई - ३ अनलाईन मार्फत भएको
- बगनासकाली गाउँपालिका स्तरीय सहकारी सञ्जाल गठन गरिएको
- सहकारी लेखापालन, सहकारी व्यवस्थापन तालिम सञ्चालन गरिएको
- बगनासकाली पत्रकार समुहको संयोजनमा युवा युवतिहरूलाई आधारभुत पत्रकारीता तालिम सम्पन्न गरिएको
- बगनासकाली पत्रकार समुहको संयोजनमा गाउँपालिका कार्यालय डिजिटल नोटिस बोर्ड राखिएको
- यस आ.ब. मा न्यायिक समितिमा १९ वटा विबादसम्बन्धी निवेदन दर्ता भएको सो मध्ये १७ वटा न्यायिक समितिले फर्स्यौट गरेको र २ वटा प्रक्रियामा रहेको
- गाउँपालिका भित्रका लिफ्टीङ्ग खा.पा. आयोजनालाई २५% विद्युत महसुल अनुदान दिने शुरूवात गरिएको ।
- फुस रहित घर अभियानलाई निरन्तरता दिदै यस आ.ब.मा रू. २५ लाखको जस्ता पाता खरिद गरि ८३ घर परिवारलाई वितरण गरिएको
- ९ वटै वडाहरूमा नागरिक बडापत्र, गुनासो पेटिका राखिएको
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ९ वटै वडाका बेरोजगारहरूको सुची तयार गरी प्रत्येक वडाका ८ जनाका दरले ७२ जनालाई २०७६/०३/०१ देखि २६ दिनको लागि वडाबाट कार्यक्रम तय गरी रोजगारी दिईएको
- वडा नं. २ लाई मिति २०७६/०३/०६ र वडा नं. १ लाई २०७६/०३/२५ गते पुर्ण सरसफाई घोषणा गरिएको
- विपद् जोखिम न्युनिकरण गर्न नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा पाल्पासंग समन्वय गरी विपद् व्यवस्थापन कोषबाट विपद्को बेला आवश्यक पर्ने सामाग्री खरिद गरी राम्दी प्रहरी चौकी र आर्यभञ्ज्याङ्ग चौकीलाई आवश्यक सामग्री उपलब्ध गराईएको
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस आ.ब.तोकिएको समयसिमा भित्रै चौंथो गाउँसभा २०७५/०९/२९ गते र पाँचौ गाउँसभा २०७६/०३/०९ गते नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरि २०७६/०३/१६ सम्पन्न गरिएको
- गाउँपालिकाको कामलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन यस आ.ब. देखि वर्षको २ पटक सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको (२०७५/०९/२२ र २०७६/०३/३१ मा गरिएको)

उपस्थित राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरू, सञ्चार कर्मी मित्रहरू,

गत आ.ब. यस गाउँपालिकाको बजेट खर्च विवरण संक्षेपमा यसै साथ लिष्टमा संलग्न राखिएको छ

यस आ.ब.०७६/०७७ मा गाउँसभाबाट पारित योजना तथा कार्यक्रम विवरण यहाँहरूको जानकारीका लागी यसै साथ संलग्न राखीएको व्यहोरा अनुरोध छ।

**बजेटको संक्षिप्त विवरण**

आ.ब. ०७६/७७ को बार्षिक बजेट

| क्र.स. | आ.ब. ०७६/७७ को बार्षिक बजेट | जम्मा रू. |
|---|---|---|
| १ | समानीकरण अनुदान (संघीय सरकार) | ९ करोड १८ लाख |
| २ | शशर्त अनुदान (संघीय सरकार) | १७ करोड १६ लाख |
| २ | राजस्व बाडफाँड (संघीय सरकार) | ६ करोड ५१ लाख |
| | **जम्मा** | **३२ करोड ८५ लाख** |
| | प्रदेश सरकार तर्फ : | |
| १ | समानीकरण अनुदान | ४१ लाख ३१ हजार |
| २ | शशर्त अनुदान | ८० लाख |
| ३ | राजस्व बाँडफाड | ५९ लाख २२ हजार |
| ४ | सम्पुरक अनुदान | १ करोड ५० लाख |
| ५ | विशेष अनुदान | ५२ लाख |
| | **जम्मा :** | **३ करोड ८२ लाख ५३ हजार** |
| | आन्तरिक श्रोत तर्फ : | |
| १ | कर तथा गैरकर | ७२ लाख |
| २ | विद्युत रोयल्टी | ५३ लाख ५४ हजार ५ सय ६७ |
| ३ | गत वर्षको मौज्दात | १ करोड |
| | **जम्मा :** | **२ करोड २५ लाख ५४ हजार ५ सय ६७** |
| | **कुल जम्मा बजेट :** | **३८ करोड ९३ लाख ७ हजार ५ सय ६७** |

**उपरोक्त बमोजिम विनियोजन गरिएको बजेटमा चालु खर्च तर्फ रू. २४ करोड ३९ लाख (६२.६५ प्रतिशत) र पुँजीगत खर्च तर्फ रू. १४ करोड ५४ लाख ७ हजार ५ सय ६७ (३७.३५ प्रतिशत) विनियोजन गरिएको छ।**

कुल पुँजीगत रकमलाई देहाय बमोजिम विषयगत क्षेत्रहरू समेटिने गरी वडा स्तर र गाउँपालिका स्तरको योजना तथा कार्यक्रम समायोजन गरी देहाय बमोजिम विषय क्षेत्रगत रूपमा बजेट विनियोजन गरिएको छ।

| क्र.स. | विषय क्षेत्रगत | प्रस्तावित विनियोजन रकम |
|---|---|---|
| १ | आर्थिक विकास तर्फ : | रू.९४ लाख २० हजार |
| २ | सामाजिक विकास तर्फ | रू.३ करोड ३८ लाख २३ हजार ५ सय ६७ |
| ३ | पूर्वाधार विकास तफ | रू. ३ करोड ६७ लाख |
| ४ | संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन तफ | रू. ७७ लाख ९४ हजार |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | रू. २४ लाख ७० हजार |
| ६ | सम्पुरक कोष तर्फ | रू. २ करोड ७० लाख |
| ७ | शशर्त अनुदान (प्रदेश सरकार ) | रू. ८० लाख |
| ८ | विशेष अनुदान (प्रदेश सरकार ) | रू. ५२ लाख |
| | **कुल जम्मा** | **रू. १४ करोड ५४ लाख ७ हजार ५ सय ६७** |

**कुल चालु रकमलाई देहाय बमोजिमका खर्च शिषकका रूपमा विनियोजन गरिएको छ।**

| क्र.स. | खर्च शिषक | विनियोजित रू. |
|---|---|---|
| १ | शशर्त अनुदान (संघीय सरकार) | १७ करोड १६ लाख |
| २ | कार्यालय संञ्चालन तथा प्रशासन | ७ करोड २३ लाख |
| | **कुल जम्मा** | **२४ करोड ३९ लाख** |

**यस आ.ब. ०७६/०७७ मा गाउँपालिकाका महत्वपुर्ण एंव उल्लेखिनिय कार्यत्रमहरू :**

१. बालमैत्री गाउँपालिका घोषणा गर्ने

२. फुस रहित छाना भएको घर रहेको गाउँपालिका बनाउने

३. स्थानीय पाठ्यक्रम बनाई लागु गर्ने
४. गाउँपालिका भित्र रहेका बाटाहरूलाई स्तरोन्नती गरी व्यवस्थित गर्ने
५. कृषि तथा पशु विकास कार्यक्रमलाई प्रवर्द्धन गरी रोजगारी सिर्जना गरी आर्थिक समुन्नती तर्फ उन्मुख गराउने
६. लक्षित वर्गका कार्यक्रमलाई सिपमुलक तथा आय-आजन तर्फ उन्मुख गराउने

आ.ब.०७६/०७७ को गाउँपालिका र वडा स्तरीय योजना तथा बजेट यसै साथ संलग्न लिष्टमा उल्लेख गरिएको छ।

**चुनौती तथा समस्याहरू:-**

१. अपेक्षाकृत आन्तरिक कर उठाउन नसकिएको
२. कार्यालय राख्न तोकिएको स्थल चिलाङ्दीमा भवन निर्माणका लागि जग्गा प्राप्त गर्न नसकिएको (गौ-चरण भएकोले)
३. गाउँसभा सम्पन्न भई सकेपछि पनि बिच बिचमा योजना तथा कार्यक्रम माग भई आउने गरेको
४. कतिपय योजनाहरूको उपभोक्ता समिति गठनमा ढिलाई भएको कारण समयमा सम्झौता तथा योजना कार्यान्वयन गर्न कठिनाई भएको
५. गाउँबस्तीबाट धेरै साना-साना टुक्रे योजनाहरू माग भएको कारण कार्यान्वयन गर्न कठिनाई भएको
६. बर्षातको शुभारम्भ अगाडि नै योजना तथा कार्यक्रम सम्पन्न गर्न सम्बन्धीत उपभोक्ता समितिहरूको अग्रसरताका कमी भएकोले आषाढको अन्तिमसम्म योजना कार्यान्वयन गर्न परेको, कतिपय योजनाहरूमा बर्षातको कारण सम्पन्न गर्न कठिनाई भएको
७. प्रदेशबाट सम्पुरक अनुदान कार्यविधि नै ढिला बनेको तथा योजना तथा कार्यक्रम ढिलो गरी प्राप्त भएकोले सम्पन्न गर्न निकै कठिनाई उत्पन्न भएको
८. बस्तीस्तर हुदै वडाबाट प्राथमिकता निर्धारण भएका योजना छनोट गर्नुपर्ने हुँदा अपेक्षाकृत रूपमा टिकाउ र दिगो हुने खालका योजना छनोट गरी कार्यान्वयन गर्न कठिन भएको

गत आ.ब. ०७५/०७६मा सम्पन्न गरिएका योजना तथा कार्यक्रमले धेरै कुराहरूको अनुभव र सिकाई भएको छ। यहाँहरूको समिक्षात्मक टिप्पणीले हामीलाई अझ बढि जिम्मेवार र उत्तरदायी बनाउन अभिप्रेरित गर्नेछ भन्ने आशा एवं विश्वास लिएका छौं। गाउँपालिकाको पाँचौं गाउँसभाबाट पारित भएका योजना तथा कार्यक्रम समेत यस कार्यक्रममा सार्वजनिकिरण गरिएको छ। यस आ.ब. को योजना तथा कार्यक्रम कार्यान्वयनको शुभारम्भको अवस्थामा छौं तसर्थ यो महत्वपुर्ण क्षणमा यहाँहरूको अमुल्य र रचनात्मक सुझावले योजना कार्यान्वयनमा सकारात्मक प्रभाव पर्ने आशा गरिएको छ। योजना सम्झौता देखि योजना सम्पन्न हुँदा सम्मका विभिन्न चरणहरूमा यहाँहरू सबैको चासो, सहभागिताका साथै निगरानी समेत रहोस भन्ने अपेक्षा गरिएको छ।

आफ्नो अमुल्य, गहन, ओजपुर्ण एंव रचनात्मक सुझाब दिई आगामी दिनमा गाउँपालिकाको कार्यसम्पादनलाई अझ पारदर्शी, अझ उत्तरदायी, अझ जवाफदेही बनाउदै समृद्ध, समुन्नत बगनासकाली गाउँपालिका बनाउने अभियानमा यहाँहरूको योगदानको अपेक्षा समेत गरिएको छ।

मिति : २०७६/०४/१५

कृष्ण प्रसाद बस्याल
अध्यक्ष
बगनासकाली गाउँपालिका
चिर्तुङ्धारा, पाल्पा